'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ | अंक : १६७ | मंगलवार २९ माघ, २०८१ | 11 (Tuesday) February 2025 | पृष्ठ ४, | मूल्य रु : १०/-

## प्रधानमन्त्री समक्ष अतिक्रमित जग्गा खाली गराउन माग

■ नमस्ते समचारदाता
बाँके, माघ/२८

बाँकेको कोहलपुरस्थित निर्माणाधिन अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला नजिकै रहेको सरकारी जग्गाको अतिक्रमण हटाउन स्थानीयस्तरबाट भएको पहलकदमीले सार्थकता नपाएपछि प्रधानमन्त्री केपी शर्मा ओलीको ध्यानाकर्षण गराइएको छ । बाँके क्षेत्र नम्बर १ का सांसद सूर्य ढकाल, कोहलपुर नगरपालिकाका प्रमुख पूर्णप्रसाद आचार्य, नेकपा (एमाले) बाँकेका अध्यक्ष निरक गुरुङ, नेपाली कांग्रेस बाँकेका सभापति नारायण गौडेलसहितको टोलीले आइतबार राति प्रधानमन्त्री निवास बालुवाटारमा प्रधानमन्त्री ओलीलाई भेट गरी तत्काल जग्गाको अतिक्रमण हटाउन ध्यानाकर्षण गराएको हो ।



कोहलपुरका नगर प्रमुख आचार्यले कोहलपुर नगर विकास समितिको क्रिकेट मैदान आसपासको अरिब २८ विघा क्षेत्र लामो समयदेखि अतिक्रमणमा परेको जानकारी दिनुभयो । नगर प्रमुख आचार्यले भन्नुभयो, ''नगरपालिकाले स्थानीय स्तरमा पहल गरी अतिक्रमण हटाउन खोजे पनिसफल नभएपछिप्रधाामन्त्रीको ध्यानाकर्षण गराएका छौं, अब सरकारी जग्गाको अतिक्रमण हट्ने आशा जगाएको छ ।'' जिल्लास्थित सर्वदलीय बैठकले अतिक्रमित जग्गामा बनेका घर टहरा हटाउन गरिएको आग्रहका आधारमा गृह मन्त्रालयबाट सूचना प्रकाशन भइसक्दा पनि अतिक्रमण गर्ने पक्षले घर टहरा नहटाएकाले टोलीले प्रधानमन्त्री समक्ष अतिक्रमण हटाउन माग गरेको हो । प्रतिनिधिसभा सदस्य ढकालले भेटमा प्रधानमन्त्री ओलीले सरकारी सम्पत्तिको संरक्षणका लागि सरकार दृढ रहेको बताउँदै सङ्घीय सरकारका तर्फबाट अतिक्रमित जग्गा खाली गराउन मातहतका निकायलाई निर्देशन दिइने बताउनुभयो । ढकालले सो अवसरमा बाँकेको समग्र विकास निर्माणको सन्दर्भमा प्रधानमन्त्री ओलीसमक्ष मागहरु प्रस्तुत गरिएको बताउनुभयो ।

## हुम्लामा ३७ रुपैयाँ तोकियो प्रतिकिमि गाडी भाडा

■ नमस्ते समचारदाता
हुम्ला, माघ/२८

भर्खर सडक सञ्जालमा जोडिँदै गरेको हिमाली जिल्ला हुम्लामा अब यात्रुले प्रतिकिमि यात्रा गर्दा गाडी भाडा ३७ रुपैयाँ तिर्नुपर्ने भएको छ। यसअघि लिने गरिएको भाडालाई घटाएर उक्त रकम लिनुपर्ने निष्कर्षमा स्थानीय प्रशासन, यातायात व्यवसायी र राजनीति दल यो निष्कर्षमा पुगेका हुन् । राजमार्ग सुचारु समन्वय समितिको बैठकमा सहभागी एमाले हुम्लाका उपाध्यक्ष प्रकाशबहादुर शाहीले नियमसंगत नभए पनि यसअघि यात्रुले गाडीमा यात्रा गर्दा तिर्दै आएको भाडा भने घटेको जानकारी दिए। यसबाट अब जिल्लाभित्र जुनसुकै स्थानमा गाडीमा यात्रा गर्दा एकै किसिमको भाडा तिर्नुपर्ने सहमतिमा यातायात ब्यवसायी, स्थानीय प्रशासन, राजनीति दल र नागरिक समाज पुगेको छ । सबैको मौखिक सहमतिअनुसार अव यात्रुले गाडीमा यात्रा गर्दा प्रतिकिमि ३७ रुपैयाँ भाडा दिर्नुपर्ने भएको छ। बाह्र किलो मिटर रहेको सिमकोट खार्पुका गाडी भाडा यसअघि सात सय रुपियाँ तिर्दै आएकोमा अब नयाँ सहमति अनुसार सो खण्डमा यात्रा गर्दा साढे चार सय रुपैयाँ तिर्नुपर्ने हुन्छ। इन्धनको मूल्य घटेकै कारण गाडी भाडा घटाउनका लागि यातायात ब्यवसायी सहमत देखिएका हुन्।



प्रमुख जिल्ला अधिकारी नारायण पाण्डेले सडक कच्ची, यातायातका साधनले बढी क्षति ब्यहोर्नु पर्ने भएका कारण मौखिक सहमतिमा यातायात व्यवसायीले भाडा घटाएर यात्रु बोक्न तयार रहेको बताए । भर्खर भर्खर यातायातका साधन सञ्चालनमा आएका कारण नियमसंगत रुपमा सञ्चालनमा ल्याउन समय लाग्ने भए पनि अहिले गरिएको प्रयास पनि नियम कार्यान्वयन गर्न सहयोगी हुनेछ। अहिलेको सहमति कार्यान्वयन गर्नमा यात्रुको पनि उत्तिकै सहयोगी भूमिका रहेकाले त्यसतर्फ ध्यान दिन र आवश्यक परे प्रहरी र स्थानीय प्रशासनलाई जानकारी गराउन उनले आग्रह गरे। अब सदरमुकाम सिमकोटबाट दक्षिणी क्षेत्रको बाजुरा र हुम्लाको सिमाना कवाडीसम्म ९३ किलोमिटरको गाडी भाडा तीन हजार ४८७ दशमलव पाँच रुपियाँ र उत्तर तर्फको सदरमुकाम सिमकोटबाट हिल्सासम्मको ९५ किलोमिटर दुरीको गाडी भाडा तीन हजार ५६२ दशमलव पाँच रुपियाँ लाग्ने छ । घटेको भाडा कार्यान्वयनमा सबै पक्ष इमान्दारीसाथ लाग्नुपर्ने पत्रकार महासंघका सचिव नन्द सिंहले बताए । पछिल्लो सहमति कार्यान्वयन भए नभएको जिल्लाका तीन स्थानमा रहँदै आएको ट्राफिक प्रहरीले अनुमगन गरेर कार्यान्वयन गरिनेछ।

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

सोरु गाउँपालिका
मुगु

हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुलाचौर, बाजुरा

सूचना ! सूचना !! सूचना !!!

प्रथम पटक प्रकाशित मिति : २०८१/१०/२८ गते

**विषय :- विज्ञापन सम्बन्धमा।**

प्रस्तुत विषयमा यस हिमाली गाउँपालिकामा संचालित श्री बडिमालिका मावि, धिममा रिक्त रहेको आवि तहको कम्प्युटर शिक्षक पदमा पदपुर्ति गर्नुपर्ने भएकाले आवश्यक योग्यता पुगेका ईच्छुक उम्मेद्वारहरुबाट दरखास्त आह्वानको लागि हार्दिक अनुरोध छ।

**आवश्यक कागजातहरु :**
१. शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपि १/१ प्रति
२. नेपाली नागरिकताको प्रतिलिपि १ प्रति
३. कम्प्युटरमा कम्तिमा ३ महिने कोर्ष पूरा गरेको प्रमाणपत्रको प्रतिलिपि १ प्रति

**दरखास्त दस्तुर :** रु.१०००/-
**शैक्षिक योग्यता :** कम्तिमा कक्षा १२ वा सो सरह उत्तिर्ण।
**दरखास्त दिने अन्तिम मिति :** २०८१/११/१२ गते ।
**सम्पर्क मिति :** २०८१/११/१३ गते ।
परिक्षा सम्बन्धि जानकारी सम्पर्क मितिमा तोकिने छ।
**तलब स्केल :** गाउँपालिकाले तोके बमोजिम ।

नि. प्रमुख प्रशासकिय अधिकृत

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । – नेपाल पत्रकार महासंघ

# सम्पादकीय

## भ्रष्टाचार नियन्त्रणको अन्तर्राष्ट्रिय पाठ

भ्रष्टाचार नियन्त्रणकै लागि भनेर नेपालमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग छ । यस्तो शक्तिशाली आयोगको व्यवस्था संविधानमै व्यवस्था गरिएको छ। डेनमार्क, स्विडेन, नर्वे, स्विट्जरल्यान्ड लगायत देशमात्यस्तो संवैधानिक आयोग छैन । रोचक के छ भने नेपाल भ्रष्टाचार हुने मुलुकको सूचीको अग्रपंक्तिमा पर्दै आएको छ र ती देशहरू नगण्य भ्रष्टाचार हुने देशको अग्रपंक्तिमा पर्छन् । माघ २८ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोग स्थापना दिवसका सन्दर्भमा यो प्रसंग उल्लेखनीय हुन आउँछ । सुशासनका लागि नेपालले अख्तियारबाहेक अरू संस्थाहरू स्थापना नगरेको होइन । तर गएका १० वर्षयताको तथ्यांक हेर्‍यो भने नेपालमा भ्रष्टाचार पटक्कै घटेको छैन । सन् २०१२ मा नेपालले सुशासनमा २७ अंक ल्याएको थियो । सन् २०२३ मा ३५ अंकसहित भ्रष्टाचार अति हुने देशको सूचीमा परेको छ । नेपाल त्यो वर्ष १०८औं स्थानमा परेको छ । कम भ्रष्टाचार हुने देशमा डेनमार्क पर्दै आएको छ। नर्वे, स्विडेन, स्विट्जरल्यान्ड, लग्जेम्बर्ग, न्युजिल्यान्डलगायत देश पनि कम भ्रष्टाचार हुने देशको सूचीमा छन्। भ्रष्टाचार कम हुनुको पछाडि ती देशमा कानुनी शासनको प्रत्याभूति हुनु, सुशासनको संस्कृति हुनु, पारदर्शितामा जोड दिनु र नैतिक आचरण पनि प्रमुख हुन्। अर्थात् हाम्रोमा भ्रष्टाचार संस्कृति बन्ने गरेको छ भने त्यहाँ सुशासन र नैतिकता। हो, तसर्थ भ्रष्टाचार नियन्त्रण एउटा कुनै आयोग र निकायको ठेक्काबाट हुने कुरा होइन । भ्रष्टाचार नियन्त्रण र सुशासन त संस्कृति हुनुपर्छ। नैतिक आचरण सबैमा हुनुपर्छ। मुख्यगरी राजनीतिक नेतृत्वमा। रोग लागेपछि अस्पताल जानु अर्कै कुरो, जसरी भ्रष्टाचार भएपछि अख्तियार पुग्छ त्यो विषय। अब रोग लाग्नै नदिने उपायजस्तै भ्रष्टाचार हुनै नपाउने वा नमिल्ने उपाय खोज्नु बुद्धिमानी हुनेछ। डेनमार्कमा राजनीतिक स्थिरताको इतिहास दशकौं दशकको छ । हाम्रोमा सालैपिच्छे सरकार फेरिन्छ र त्यसका लागि अनेक अनैतिक र गैरराजनीतिक सौदाबाजीहरू हुन्छन्। अरू देशको अनुभव हेर्दा भ्रष्टाचार राजनीतिक स्थिरतासँग पनि गएर जोडिएको देखिन्छ । सुशासन कायम गर्न राजनीतिक स्थिरता पनि आवश्यक देखिन्छ।

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरु संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरुले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरु / सिट



बेसिक कम्प्यूटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट
डिप्लोमा कम्प्यूटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) ३० सिट

तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

# देशलाई टाट पल्टाउनेहरू !

प्रा.डा. अजय रिसाल





तपाईंको निवेदन अलि मिलेको छैन । मिलाएर ल्याउनुस्, अनि मात्र दर्ता हुन्छ। दर्ता फाँटमै अवरोध गरिदिएपछि एउटा सरकारी कार्यालयमा निवेदन बुझाउन गएको भाइ लुरुलुरु घर फर्केछ । सूचनामा सम्प्रेषित जानकारी र निवेदनमा लेखिएको भाषा, अनि नत्थी गरिएका सम्पूर्ण कागजात भिडाएर हेर्दा कुनै पनि नमिलेको कुरा नपाउँदा अलि खिन्न लाग्यो । बिचरो ! नेपालमै बसेर केही गर्छु भनेर मौका मिल्दा पनि बाहिर कतै नगई बसेको ऊ 'प्रथमे ग्रासे मच्छिका पातः' भने झैं सरकारी कर्मचारीको रवैया देखेर आजित भयो। तैपनि, केही नमिलेको नै पो हो कि भनेर 'फोन गरौं न त बुझ्नलाई' भन्ने सोचें। त्यो अफिसमा फोन लगाएँ । एक घण्टा जतिसम्म 'रिडायल' गर्दै तारन्तार फोन गर्दा पनि नलागेपछि कायल भएर घरनजिकै हो, अफिसमै गएर बुझौं न त भनेर अफिस नै गइयो । त्यहाँ 'रिसेप्सन'का एक कर्मचारी फोनमा मच्ची-मच्ची हाँस्दै मस्त गफ गरिरहेका भेट्टिए। आधा घण्टासम्म पर्खंदा पनि उनले फोन सम्पर्क नटुंग्याएपछि फरक्क फर्केर दर्ता फाँटमा नै पुग्यौं। दर्ता फाँटका कर्मचारीसँग यसो कुरा गर्ने मेसो के गरेको त तिनी पड्किन थाले, 'त्यत्रो पढेलेखेको मान्छे भएर पनि कुरा नबुझ्ने, निवेदन मिलाउन भनेर पठाएको त फेरि अर्को मान्छे ल्याएर त्यही कुरा सोध्ने ? समय छैन हामीसँग तपाईंहरूजस्ता पढेका मूर्खहरूसँग गफ गरेर बस्न ।' हाम्रो कुरा उनले सुन्दै सुनेनन् । मैले अरूबाट पनि सुनेको थिएँ, अलिअलि दाम नचढाई सरकारी अफिसमा कुनै पनि काम हुँदैन भनेर... । यसो खल्तीबाट झिकेर पाँचवटा हरिया नोट राखिदिएको त मुसुमुसु हाँसेर कपाल कन्याउँदै तिनी निवेदन बुझ्न अघि सरे... । माथिको उद्धरण कुनै कथाको होइन, न त कुनै धारावाहिक शृंखलाको नै। एक मित्रले सुनाएको सत्यघटना हो यो । यसले नै हाम्रा सरकारी कार्यालयहरूको यथार्थ चित्रण गर्दछ। चाहे ती प्रत्यक्ष जनसरोकार रहने मालपोत, प्रशासन, शिक्षा, स्वास्थ्यसम्बन्धी कार्यालय हुन् या त यातायात, स्थानीय विकासजस्ता विभाग र मन्त्रालय नै किन नहुन् ? दर्ताफाँटदेखि नै सुरु हुने आर्थिक लेनदेन, चियाखाजा आदिको चर्चा कहाँ पुगेर टुंगिने हो थाहा हुन्न। टेलिफोनको दुरुपयोग, बिजुली/पानी अनि फर्निचर आदिको बेपरवाह प्रयोग, मोटर गाडी/इन्धन आदिमा लापरबाही त भनिनसक्नु छ । यस्तै नै चरम अव्यवस्थाको प्रतीक बनेका छन् नेपालका सरकारी कार्यालयहरू । सडकतिर आँखा कुदाऔं, 'लाइसेन्स चेकजाँच' गर्ने ट्राफिक प्रहरीहरू, 'ट्रायल' लिने/दिने चालकहरू/परीक्षकहरू, गतिहीनरूपमा सवारीसाधन हुँइक्याउने चालकहरू, सडकपेटीमा नै मोटर साइकल घुइँक्याउने दाजुभाइहरू, त्यहाँ जाम गरेर पसल राख्ने दाइहरू/दिदीहरू, नियमको उल्लंघन गर्नेहरू र तिनलाई कारबाही गर्ने/सजग राख्ने अख्तियार प्राप्त निकायहरू आदि भ्रष्टाचारको दर्दनाक तस्बिर सडकमै छताछुल्ल पोखिएको छैन भनेर कसरी भन्न सकिएला र ? सडककै किनारामा ठडिएका 'होर्डिङ बोर्ड'हरूतिर दृष्टि पर्छ, 'ग्यारेन्टी ट्रायल पास...', 'ग्यारेन्टी थेसिस पूरा...', 'घरमै बसी बसी 'एसएलसी पास...', 'विज्ञान, गणित, अंग्रेजीबिनै परीक्षा पूरा'... रिजल्ट ग्यारेन्टी', 'बिना अपरेसन पत्थरी निको...', 'बैंक ग्यारेन्टी', ऋण पक्का....' आदिआदि। जनसाधारणको शिक्षा, स्वास्थ्य, सुरक्षा अनि आर्थिक मामिलामा यसरी खुल्लमखुल्ला हँसीमजाक गर्दा पनि कानमा तेल हालेर बस्ने सम्बन्धित निकायहरूलाई के भन्ने ? आफ्नै नाकै अगाडि ठडिएका यस्ता भद्दा विज्ञापनहरूमा पनि कुनै सरोकार नराख्ने उपभोक्ता जगत्हरू भ्रष्टाचारका मतियार नै भएका त होइनन् ? वर्षौंदेखि थुप्रै काण्डमा अभ्यस्त भइसकेका छौं-लाउडा, धमिजा, चेज, सुडान, एयरपोर्ट, चरेश, सुन, यती, ओम्नी, सहकारी, अझ कति कति ? किन होला प्रत्येक पटक हवाईजहाजको खरिद प्रसंगमा अधिकृत/सचिवदेखि लिएर मन्त्री प्रधानमन्त्रीसम्म तानिएर आउँछन् ? किन प्रत्येक पटक बोलपत्र/कोटेसन'को चक्करमा व्यापारीहरू मात्र नभई राजनीतिकर्मीहरू, अझ सडकका गुण्डा, दलालसमेत मुछिन्छन् ? परेर बाटो नै बगाएर पुराना संरचनाहरूसमेत ध्वस्त पार्न सक्ने असार-साउनका महिनामा नयाँ सडक मर्मतका कामहरू हुन्छन् तर सुक्खा हिउँदयामका समय भने कुनै काम नभई सारा कर्मचारीहरू 'हिटर'को न्यानोमा/बाहिरी घाममा सुस्ताउँछन् अनि निदाउँछन् । तल्ला अदालतले दोषी किटान गरिएका अपराधीसमेत माथिल्ला अदालतले प्रदान गर्ने तारिख र हदम्यादको सुविधाले उन्मुक्ति पाएसरह हुन्छन्। किन किन यही मुलुकमा 'सानालाई ऐन-ठूलालाई चैन'को उखान चरितार्थ भइरहेको पाइन्छ ? यही मुलुक हो, जसका निर्माता/एकीकरणकर्ता राजा पृथ्वीले औंला ठड्याउँदै भनेका थिए, 'निया निसाफ बिगार्‍या भन्याको घुस दिन्या र घुस खान्या, इन दुवैको धनजीवन दुवै लिया पनि पाप छैन, यी राजाका महाशतुर हुन्' । तर आज यही मुलुक भ्रष्टाचारीको सूचीमा माथिल्लो स्थानमा छन्। 'भ्रष्टाचारमा शून्य सहनशीलता'को अवधारणालाई मूर्तरूपमा कायम गर्न असफल छौं हामी, बरु अझ माथि चढिरहेछौं हामी भ्रष्टाचारको सिँढीमा ? संस्कृतमा भनाइ छ, 'एक लज्जा परित्यज्य सर्वत्र विजयी भवेत् ।' वास्तवमा लज्जा एउटा यस्तो आवरण हो जसले हामीलाई अनैतिक र दुराचारपूर्ण काम गर्नबाट रोकिरहेको हुन्छ । तर जब त्यो लज्जाको पर्दा च्यातिन्छ, तब मानिस जस्तोसुकै अनैतिक र भ्रष्ट आचरण गर्न पनि सन्देह मान्दैन र ऊ आफूलाई विजयी भएको ठान्छ। मुलुकमा राजनेतादेखि लिएर व्यापारीसम्म, पियनदेखि सचिवसम्म, प्रहरीदेखि न्यायमूर्तिहरूसम्म फैलिएको भ्रष्टाचारको जालो यही लज्जाको ह्रासको कारणले नै भएको हो। 'आचार परमो धर्मः' भन्ने नीति वाक्यलाई बिर्सने व्यक्ति, नैतिकताको पतन भइरहेको हाम्रो समाज अनि अधोगतितर्फ धकेलिइरहेको हाम्रो मुलुक देख्दा कवि धरणीधरको उक्ति याद आउँछ।

*नेपाल तिम्रो मुहुडा हँसिलो*
*देखेर मर्छु कि म यसै म मर्छु।*

पदमा पुग्नेहरू अझै सम्पन्न हुँदै जाने अनि माटोमा पसिना चुहाउनेहरूलाई हातमुख जोड्नसमेत धा-धौ हुने परम्परा कायमै रहिरह्यो भने 'कुर्सी'मा पुग्नलाई चल्ने अस्वस्थ प्रतिस्पर्धाले प्रश्रय पाउँदै अन्ततः भ्रष्टाचार नै मौलाउने वातावरण बन्न जान्छ । व्यापारी र राजनीतिकर्मीबीच, अपराधी र न्यायकर्मीबीच, राजनीतिकर्मी आफू-आफूबीच अनि कर्मचारी र राजनीतिज्ञबीच यस मामलामा भने दह्रो अन्तरसम्बन्ध देखिन्छ। त्यसैले त भ्रष्टाचार नियन्त्रणमा एउटै कदम चाल्दा पनि 'लहरो तान्दा पहरो गर्जने' त्रासले त्यसको अनुसन्धान र निवारणको प्रक्रियामा नै अवरोध गरिएको देखिन्छ। सडकदेखि सदन, सरकारदेखि संस्कार, समाजदेखि देश, प्रहरी प्रशासन र न्याय आदि सबै क्षेत्र यसरी दूषित भई भ्रष्टाचारमा चुर्लुम्म डुबेको देख्दा मलाई लाग्छ, हामी सब यस मुलुकको रगत सोस्दै मोटाइरहेका जुकाहरू हौं, आफैंलाई जन्म दिने आमालाई जालोमा पारी टोकी टोकी मार्ने हामी माकुराहरू हौं ।

*(प्राडा रिसाल, संस्कृति अध्येता हुन्।)*

***–अन्नपूर्ण***

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

राप्ती सोनारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अगैया, बाँके

# कर्णाली प्रदेशबाट चार अर्ब बढीको कृषि तथा पशुजन्य उपज निकासी

■ नमस्ते समचारदाता

सुर्खेत, माघ/२८

कर्णाली प्रदेशबाट एक वर्षमा रु चार अर्ब बढीको खाद्यन्न, फलफूलसँगै पशु र दुग्धजन्य पदार्थ निकासी हुने गरेको छ । भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेशका अनुसार गत आर्थिक वर्ष २०८०/८१ मा रु चार अर्ब बढीको खाद्यन्न, फलफूल, खसी बोका र दुग्धजन्य पदार्थ निकासी भएको हो । आर्थिक वर्ष २०७९/८० मा पनि कर्णाली प्रदेशका दश जिल्लाबाट चार अर्ब सात करोड १८ लाख ६६ हजारको खाद्यन्न, फलफूल तथा खसी बोका निकासी भएको थियो । विशेषगरी कर्णालीबाट खाद्यन्नमा मकै, कोदो, कागुनो चिनो, फापरलगायतका रैथाने बाली निकासी हुने गरेको छ, भने तरकारी, तरकारीको बीउ, सुन्तला, स्याउ, अदुवा, बेसार, आलु लगायतका वस्तु निकासी हुने गरेको छ । यी वस्तु बाँकेको नेपालगञ्ज, बुटवल, चितवन, काठमाडौँ, पोखरा तथा कैलाली, कञ्चनपुरमा निकासी हुने गरेको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका




प्रवक्ता धन बहादुर कठायतले जानकारी दिनुभयो । उहाँका अनुसार कृषि उपज निकासीबाट कर्णालीमा बर्सेनि करिब रु दुई अर्ब रकम भित्रिने गरेको छ। आर्थिक वर्ष २०७९/८० मा कर्णाली प्रदेशले कृषि वस्तु निकासीबाट एक अर्ब ७९ करोड रकम भित्र्याएको थियो । भने गत आर्थिक वर्षमा करिब दुई अर्बको आम्दानी कृषि वस्तुबाट गरिएको उहाँले बताउनुभयो । यसैगरी, पशुपक्षीजन्य उपज निर्यात गरी कर्णाली प्रदेशले रु दुई अर्ब ३० करोड रकम वार्षिक आम्दानी गर्ने गरेको छ। पशुपक्षी अन्तर्गत खसीबोका निकासीबाट मात्रै वार्षिक एक अर्ब ९६ करोडको आम्दानी हुने गरेको पशुपक्षी निर्देशनालयले जनाएको छ। वार्षिक एक लाख २३ हजार मेट्रिक टन खसीबोका निकासी हुने गरेको निर्देशनालयको तथ्याङ्क छ। यस्तै दूध बिक्रीबाट ३० करोड ३३ लाख आम्दानी हुने गरेको छ । कर्णालीबाट, र ाडीपाखी, खरायोको टोपी, कोटको कपडालगायतका पशुजन्य उपज निकासी हुने गरेको छ।

**दूधमा अनुदान दिएपछि उत्पादनमा वृद्धि**

कर्णाली प्रदेश सरकारले दूध उत्पादक किसानलाई दूधमा अनुदान दिँदै आएको छ । माथिल्लो कर्णालीका हुम्ला, जुम्ला, कालीकोट, मुगु र डोल्पाका किसानले उत्पादन गर्ने दूधको लागि लिटरमा १० रुपैयाँ र तल्लो कर्णालीका सुर्खेत, दैलेख, रुकुम पश्चिम, सल्यान, जाजरकोटका किसानले उत्पादन गर्ने दूधमा लिटरमा ५ रुपैयाँ अनुदान दिँदै आएको छ। जसले गर्दा किसान पशुपालन व्यवसाय आकर्षित हुन थालेका हुन भने दूधको उत्पादनमा समेत वृद्धि भएको छ । अहिले कर्णालीमा खपत भएर पनि वार्षिक पाँच हजार दुई सय ६० मेट्रिक टन दूध निकासी हुने गरेको मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ। मन्त्रालयका प्रवक्ता कठायत भन्नुहुन्छ, "विगतमा माथिल्लो कर्णालीमा पाउडर दूधको प्रयोग हुने गरेको थियो । जव प्रदेश सरकारले दूधमा अनुदान दिन थाल्यो अहिले दूध उत्पादनमा वृद्धि भएको छ, अब प्रदेश करिब दूधमा आत्मनिर्भर हुँदै गएको छ।" प्रदेश सरकारले युवा लक्षित कार्यक्रम ल्याएको भन्दै व्यवसाय गर्ने किसानका लागि सरकारले विशेष कार्यक्रम सञ्चालन गरिरहेको कठायतले जानकारी दिनुभयो । प्रदेश सरकारले व्यवसाय गर्ने किसानको लागि ब्याज अनुदानदेखि उत्कृष्ट किसान पहिचान गरी पुरस्कृत गर्ने गरेको उहाको भनाइ छ।

# केन्द्रको खाद्यान्न ढुवानीका लागि सप्लायर्सले टेण्डर नै भरेनन्

■ नमस्ते समचारदाता

हुम्ला, माघ/२८

खाद्य ब्यवस्था तथा ब्यापार कम्पनी लिमिटेडको ढुवानी अनुदानको खाद्यान्न ढुवानीका लागि गरिएको टेण्डर आह्वानमा सप्लायर्सले ढुवानीका लागि फर्म भरेका छैनन् । चंखेली गाउँपालिकाको लागि स्थापना गरिएको देउली बिक्री केन्द्रका लागि यसवर्ष लिमिटेडद्धारा निर्धारित कोटाको खाद्यान्न ढुवानीका लागि टेण्डर आह्वान गर्दा कुनै पनि फर्महरुले टेण्डर भरेर लिमिटेडमा नबुझाएका हुन् । सो बिक्री केन्द्रका लागि निर्धारित कोटाको खाद्यान्न ढुवानीका लागि लिमिटेडले आह्वान गरेको टेण्डरमा कुनै पनि सप्लायर्सहरुले फर्म नलगाएको लिमिटेड हुम्ला शाखाका प्रमुख कृष्ण थापामगरले बताए । यसवर्ष सो बिक्री केन्द्रका लागि पाँच सय क्वीन्टल खाद्यान्न ढुवानी अनुदानमा कोटा निर्धारण गरिएको छ । उनले गतवर्ष साँढे दुई सय क्वीन्टल ढुवानी अनुदानको



खाद्यान्न कोटा रहेको भएपनि सो को समेत ढुवानी हुन नसकेको बताए । उक्त बिक्री केन्द्रका लागि दुई वर्ष अगाडी पाँच सय क्वीन्टल खाद्यान्न कोटा रहेकोमा एक सय क्वीन्टल ढुवानी भएको तर देउली बिक्री केन्द्रबाट सो खाद्यान्न बिक्री नै हुन नसकेको हो । खाद्यान्न बिक्री नै नभए पनि लिमिटेडले ढुवानीका लागि आह्वान गरेको टेण्डरमा दुई वर्ष फर्म नै पर्न सकेको थिएन।जिल्लाका अन्य बिक्री केन्द्रहरु सर्केगार्ड गाउँपालिकाको बालुकुना, ताँजाकोटको छ्प्रेला, खार्पुनाथको याङ्चुबजार, नाम्खा गाउँपालिकाको याल्वाङ बिक्री केन्द्रका लागि भने खाद्यान्न ढुवानीका लागि टेण्डर लागि सकेको छ । चंखेली गाउँवालिकाका अध्यक्ष प्यारीलाल शाहीले गाउँपालिका संग लिमिटेडले यस सम्वन्धमा कुनै समन्वय नगरेको कारण जानकारी नभएको बताए। उनले खाद्यान्न नकट्ने भन्ने नहुने बताउदै वडा नम्बर ५ र ६ मा बिक्री हुने बताए । चंखेली गाउँपालिकाका स्थानीयले बिक्री केन्द्र अपायक पर्ने स्थान, बजार र लिमिटेडको खाद्यान्न मूल्य बराबर, ब्यापारीले उधारोमा समेत दिने भएको कारण बिक्री केन्द्रको खाद्यान्न बिक्री हुन नसकेको बताउने गरेका छन् ।


**रोगबाट बच्ने उपायहरू**

- खाना खानु र खुवाउनु अघि,
- खाना पकाउनु अघि र पछि,
- बाह्य जुनसुकै वस्तु छोएपछि,
- चर्पी प्रयोग गरेपछि,
- बच्चाको दिशा पिसाब सफा गरेपछि,
- फोहोर कुरा छोएपछि,

साबुन पानीले मिचिमिचि हात धोऔं, रोगबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# आयोजना बैंक कार्यविधि निर्माणको तयारी

■ नमस्ते समचारदाता

सुर्खेत, माघ/२८

प्रदेश सरकारले आयोजना बैङ्क निर्माण गरेर कार्यान्वयन गर्न लागेको छ। आयोजना बैङ्क कार्यान्वयनका लागि कार्यविधि निर्माण गर्न लागिएको हो। कार्यविधि निर्माणका लागि मन्त्री तथा मन्त्रालयका सचिवबिच छलफल गरिएको प्रदेश योजना आयोगले जनाएको छ। आयोजना बैङ्क निर्माण गरेर कार्यक्रम छनोट तथा बजेट विनियोजन गर्न लागिएको हो। अहिले कार्यविधि निर्माणका लागि विभिन्न मन्त्रालयसँग छलफल गरिएको जनाइएको छ। कार्यविधि निर्माणको काम प्रदेश योजना आयोगले गरिरहेको छ। सबै मन्त्रालयका मन्त्री र सचिवहरूसँग 'आयोजना बैङ्क व्यवस्थापन कार्यविधि-२०८१' तयारीका लागि छलफल गरिएको योजना आयोगका उपाध्यक्ष सूर्यनाथ योगीले बताउनुभयो। उहाँका अनुसार छलफलमा उठेका विषयलाई समावेश गरेर कार्यविधि निर्माण गर्न लागिएको हो। आयोगले कार्यविधिको सामान्य मसौदा तयार पारेको थियो। सोही मसौदामाथि मन्त्रालयहरूले आफ्नो राय तथा सुझाव दिएका छन्। सोही सुझावका आधारमा कार्यविधि निर्माण गरिने जनाइएको छ। छलफल कार्यक्रममा मुख्यमन्त्री यामलाल कँडेलसमेत सहभागी हुनुभएको थियो। उहाँले घनीभूत




छलफल गरेर मात्र कार्यविधि निर्माण गर्नुपर्ने बताउनुभएको छ। रूपान्तरणकारी आयोजना, प्रदेश गौरवका आयोजना र समसामयिक आयोजनालाई प्राथमिकतामा राखिएको छ। सोही आयोजना कार्यान्वयन गर्ने नीतिबमोजिम कार्यविधि निर्माण गरिने भएको हो। चालु आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम र बजेटमा समेत आयोजना बैङ्क स्थापना गर्ने उल्लेख छ। योजना छनोट प्रणालीलाई व्यवस्थित गर्न आयोजना बैङ्क प्रभावकारी हुने अपेक्षा गरिएको छ। आयोजना छनोट तथा बजेट विनियोजनलाई वस्तुपरक बनाउन र आयोजनाको दोहोरोपना हटाउन 'आयोजना बैङ्क' स्थापना गर्न लागिएको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका सचिव आनन्द सारुले बताउनुभयो। दिगो विकास लक्ष्य हासिल गर्न मद्दत पुर्‍याउने, उत्पादन र उत्पादकत्व बढाउने आयोजनामा बजेट केन्द्रित गर्ने गरी बैङ्क स्थापना गरेर कार्यक्रम छनोट गरिने उहाँको भनाइ छ। बजेट कार्यान्वयनलाई व्यवस्थित गर्न आयोजना बैङ्क निर्माण गर्न र सोही अनुसार बजेट परिचालन गर्नुपर्ने हुन्छ। त्यसका लागि योजना तर्जुमासम्बन्धी कानुन निर्माण गरेर कार्यान्वयन गरिने सचिव सारु बताउनुहुन्छ। कर्णालीमा आयोजना बैङ्कको अपरिहार्यतालाई प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको समीक्षाले समेत देखाएको छ। लगानीयोग्य योजना छनोट गर्न, पहुँचका आधारमा औचित्यहीन योजनामा समेत बजेट विनियोजन हुने प्रवृत्ति अन्त्य गर्न आयोजना बैङ्क निर्माण गर्न लागिएको प्रदेश सरकारले जनाएको छ। सोही अनुसार प्रदेश सरकारका मन्त्रालयले प्रदेश नीति तथा योजना आयोगमातहत रहेर कार्यक्रम सञ्चालन गर्ने छन्। यसै गरी प्रदेश सरकारले आयोजना प्रस्ताव तथा छनोट प्रक्रियासम्बन्धी कार्यविधि-२०८१ निर्माण गर्न लागेको छ। मुख्यमन्त्रीसहित सबै मन्त्रालयका मन्त्री र सचिवको सहभागितामा छलफलसमेत गरिएको छ। प्रदेश सरकारको योजना छनोट प्रणालीलाई व्यवस्थित गर्न कार्यविधि निर्माण गर्न लागिएको हो। अहिलेसम्म नीति, कार्यक्रम तथा बजेट निर्माण क्षमता र आवश्यकताभन्दा पनि कार्यकर्तालक्षित वितरणमुखी र स्वार्थ समूहको हित रक्षा हुने गरी छनोट तथा सञ्चालन हुँदै आइरहेका छन्।





जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

ताँजाकोट गाउँपालिका
हुम्ला

# सुक्खा पहिरोले यातायात अवरुद्ध

■ नमस्ते समाचारदाता

हुम्ला, माघ/२८



कर्णाली कोरिडोर अन्तर्गत हुम्लाको खच्चा सडकखण्ड अवरुद्ध भएको छ। पटक पटक सुक्खा पहिरो आउने गरेको खच्चामा आइतबार बिहान पनि सुक्खा पहिरो खस्दा सडक अवरुद्ध भएको हो। सडक अवरुद्ध भएसँगै हुम्ला सदरमुकाम जाने मालबाहक गाडीसहित सम्पूर्ण यातायातका साधन ठप्प भएको प्रहरी चौकी बालुकुलाका प्रहरी हवलदार राज बहादुर विष्टले बताउनुभयो। यातायातका साधन ठप्प भएपछि यात्रुसमेत हिँडेर जान बाध्य भएका छन्। सर्केगाड गाउँपालिका-१ को खच्चामा माथिबाट सुक्खा पहिरो खस्दा २० मिटर सडक पूर्ण रूपमा छोपिएको छ। यातायात आवागमन ठप्प भएपछि तुम्चाको बालुकुनामा रहेको अस्थायी प्रहरी पोस्टको टोली र सडक डिभिजन कार्यालय कोल्टीको सहयोगमा अहिले जेसिभी मार्फत पहिरो हटाउन लागिएको छ। माथिबाट पहिरो खस्ने क्रम जारी रहेका कारण केही ढिलाइ भएको उहाँले जनाउनुभयो। उक्त स्थानमा सुर्खेतबाट हुम्ला जिल्लाको सर्केगाड हुँदै खार्पुतर्फ आउँदै गरेका तीन वटा मिनी बस, पाँच वटा मिनी ट्रक, तीन वटा हायस बालुकुनापट्टीमा रोकिएका छन् भने सर्केगाडबाट सुर्खेततर्फ जाने तयारीमा रहेका एक मिनी ट्रक र एक बस सो ठाउँमा रोकिएका छन्। बर्खामा पानी पर्नेबित्तिकै पहिरो जाने स्थानमा हिउँदमा पनि सुक्खा पहिरो बारम्बार खस्ने गरेको छ।

# नमुना विद्यालयका कारण स्थानीय हर्षित

■ नमस्ते समाचारदाता

बझाङ, माघ/२८



पर्यटकीय क्षेत्रसँग जोडिएको बझाङको खप्तडछान्ना गाउँपालिकामा नमुना विद्यालय भवन निर्माण भएपछि स्थानीय हर्षित भएका छन्। तीन वर्षअघि आएको बाढीपहिरोका कारण भवन र विद्यालयमा क्षति भएपछि यहाँको दुर्गा महालिङ मावि, चौकामा जिल्लाकै नमुना भवन निर्माण गरिएको हो। भौतिक संरचनाको अभावले पठनपाठनमा समेत समस्या भएको सो विद्यालयमा विद्यार्थीलाई असहज भएको थियो। अस्ट्रेलियन हिमालय फाउण्डेसनको आर्थिक सहयोगमा रिड नेपाल नामक गैरसरकारी संस्थाले निर्माण गरेको विद्यालयको सो भवन जिल्लाकै नमुना भवन रहेको छ। अस्ट्रेलियाली इन्जिनियर जोसुवा एन्जलबेथले गर्नुभएको डिजाइनमा रिड नेपाल नामक गैरसरकारी संस्थाले प्राविधिक सहयोग गरेको रिड नेपाल परियोजनाका इन्जिनियर सत्यराज पाण्डेले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "८० लाख रुपियाँको लागतमा निर्माण गरिएको भूकम्पप्रतिरोधी भवनमा तापक्रम सन्तुलन राख्ने खालको प्रविधि जडान गरिएको छ। भवन बालमैत्री र अपाङ्गतामैत्री छ।" भवनभित्र सुविधायुक्त फर्निचर, बिजुलीसहितको व्यवस्था छ। "हाल बझाङ जिल्लामा निर्माण भएका भवनको तुलनामा यो भवन निकै सुविधायुक्त हो," खप्तडछान्ना गाउँपालिकाका अध्यक्ष उत्तमबहादुर रोकायाले भन्नुभयो, "यस भवनको इन्जिनियरिङको अनुसरण अरू विद्यालयले पनि गर्नु पर्छ।"

# सहकारी प्रकरणः छविलाल जोशी पुर्पक्षका लागि जेल चलान

■ नमस्ते समाचारदाता

बाँके, माघ/२८



जिल्ला अदालत रुपन्देहीले सहकारी ठगी प्रकरणमा पूर्व डिआइजी छविलाल जोशीलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको छ। सोमबार न्यायाधीश वशिष्टकुमार घिमिरेको इजलासले जोशीलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको अदालतका स्रेस्तेदार यज्ञमूर्ति ज्ञवालीले जानकारी दिए। 'पछि ठहरेबमोजिम हुने गरेर अहिलेलाई थुनामा पठाउने आदेश भएको छ', ज्ञवालीले भने। जोशी आजै अदालतमा उपस्थित भएका थिए। उनको थुनछेक बहसपछि अदालतको आदेश आएको हो। रुपन्देहीको सुप्रिम सहकारीको र कम गोर्खा मिडिया नेटवर्कमा लगेर अपचलन गरेको भन्दै जोशीसहित रवि लामिछाने, गोर्खा मिडिया नेटवर्कमा अध्यक्ष गितेन्द्रबाबु (जीबी) र ईलगायतविरुद्ध रुपन्देहीमा मुद्दा दर्ता भएको थियो। यसअघि रुपन्देही जिल्ला अदालतले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति लामिछानेलाई १ करोड रुपैयाँ रुपैयाँ धरौटीमा रिहा गर्न आदेश दिएको थियो। जोशी गोर्खा मिडियाका तत्कालीन उपाध्यक्ष एवं सञ्चालन हुन् भने लामिछाने प्रबन्ध निर्देशक हुन्। जोशीसँग यसअघि सूर्यदर्शन सहकारीको र कम अपचलन मुद्दामा कास्की जिल्ला अदालतले ८८ लाख र काठमाडौंको स्वर्णलक्ष्मी सहकारीको रकम अपचलन मुद्दामा काठमाडौं जिल्ला अदालतले ५० लाख धरौटी माग्ने आदेश गरेको थियो।

# मानव बेचबिखन नियन्त्रण गर्न सिमाना र सम्बन्ध सुधार हुनुपर्छः मुख्यमन्त्री आचार्य

■ नमस्ते समाचारदाता

बुटवल, माघ/२८



लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले खुला सिमानाको सहज पहुँचलाई दुरुपयोग गर्दै मानव बेचबिखनका गिरोहहरू सक्रिय रहेकोप्रति चिन्ता व्यक्त गर्नुभएको छ। नेपाल र भारतबिचको ऐतिहासिक सम्बन्धलाई स्मरण गर्दै मुख्यमन्त्री आचार्यले यस समस्याको समाधानका लागि दुई देशबिच विशेष नीति अवलम्बन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो। सुरक्षित आप्रवासनमार्फत मानव बेचबिखन नियन्त्रणसम्बन्धी इन्डो-नेपाल क्षेत्रीय संवाद कार्यक्रमको लुम्बिनीमा सोमबार उद्घाटन गर्दै मुख्यमन्त्री आचार्यले नेपालमा शिक्षा, चेतना र रोजगारीको अभावले पनि मानव बेचबिखनको समस्या देखिनु गम्भीर बिषय भएको बताउनुभयो। उहाँले लुम्बिनी प्रदेशको भारतसँग लामो सिमाना मात्र होइन, गहिरो सामाजिक र सांस्कृतिक सम्बन्ध पनि छ भन्दै त्यसैले कतिपय समस्याहरू हामी छिमेकी मिलेर नै समाधान गर्न सक्छौं। तर मानव बेचबिखन नियन्त्रण तथा सुरक्षित आप्रवासन सुनिश्चित गर्न राष्ट्रस्तरीय नीति आवश्यक पर्छ भन्नुभयो। मुख्यमन्त्री आचार्यले भन्नुभयो, "दुवै देशले सिमानामा विशेष नीति अवलम्बन गर्नुपर्ने आवश्यकता छ।" प्रदेश सरकारले सुरक्षित आप्रवासनलाई प्रवर्द्धन गर्दै अवैध आप्रवासन तथा मानव बेचबिखन रोक्न विभिन्न कार्यक्रम अघि सारेको उहाँले बताउनुभयो। मुख्यमन्त्री आचार्यले सचेतना अभियान सञ्चालन, सीपमूलक तालिम, सुरक्षित रोजगारीको प्रवर्द्धन तथा सीमा निगरानीलाई कडाइ गर्न प्रदेश सरकारले पहल गरिरहेको बताउनुभयो। नेपाल भारत सीमा क्षेत्रमा सुरक्षा संयन्त्रलाई सशक्त बनाउन र मानव बेचबिखनविरुद्ध दुवै देशले साझा रणनीति निर्माण गर्नुपर्नेमा मुख्यमन्त्री आचार्यको जोड छ। बेस संस्थाका संस्थापक तथा लुम्बिनी प्रदेशका पूर्वमुख्यमन्त्री डिल्ली बहादुर चौधरीको अध्यक्षता तथा मुख्यमन्त्री चेतनारायण आचार्यको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो। कार्यक्रममा नेपाल र भारतका नीति निर्माता, नागरिक समाज तथा सरोकारवालाको सहभागीतामा सुरक्षित आप्रवासन र मानव बेचबिखन रोकथामका रणनीति, लुम्बिनी प्रदेशमा आप्रवासन र मानव बेचबिखन नियन्त्रणको रणनीति विकासको बारेमा छलफल गरिएको थियो।

# बिहेमा झगडा हुँदा एक जनाको मृत्यु, छ जना पक्राउ



■ नमस्ते समाचारदाता

बाँके, माघ/२८

बाँकेको बैजनाथमा भएको 'ग्याङ फाइट'मा खुकुरी प्रहारबाट घाइते एक जनाको मृत्यु भएको छ। बैजनाथ गाउँपालिका-८ स्थित पुष्पनगर बीचलाइनमा भएको ग्याङ फाइटमा खुकुरी प्रहारबाट घाइते भएका स्थानीय दिनेश रोकायाको मृत्यु भएको प्रहरीले जनाएको छ। रोकायाको उपचारका क्रममा भारतको लखनउमा मृत्यु भएको हो। जिल्ला प्रहरी कार्यालय बाँकेका अनुसार स्थानीय युवा सुवास बुढाको बिहेपछि दुलही भित्र्याउने क्रममा रमाइलो चलिरहेको अवस्थामा मदिरा पिएका युवाहरूबिच ग्याङ फाइट भएको थियो। दुलही भित्राएपछि नाचगान चलिरहेको समयमा एक्कासि दुलाहा भिनाजु नाता पर्ने राम बहादुर रानाको समूह र छिमेकी युवक दिनेश रोकायाको समूहबिच विवाद बढ्दै जाँदा बेस्सरी कुटपिट भएको थियो। दुई पक्षीय कुटपिटका क्रममा रानाको खुकुरी प्रहारबाट दिनेश गम्भीर घाइते भएको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी प्रवक्ता डिएसपी आयुषप्रसाद जोशीका अनुसार २५ वर्षीय दिनेश रोकायको भारतको लखनउमा उपचारको क्रममा आइतबार मृत्यु भएको थियो। घाइते अन्य ५ जनाको मेडिकल कलेज कोहलपुरमा उपचार भइरहेको उहाँले बताउनुभयो। डिएसपी जोशीका अनुसार प्रहरीले हत्यामा संलग्न रहेको आरोपमा दुलाहाको भिनाजु सोही गाउँपालिका-२ बस्ने ३५ वर्षीय रामबहादुर राना सहित ६ जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा बैजनाथ २ की ३० वर्षीया मनीषा राना, बैजनाट ६ का १८ वर्षीय भिजन नेपाली, जाजरकोट शिवालय ७ घर भई बैजनाथमा पाहुना आएका २९ वर्षीय हिमबहादुर बुढा, दाङ बबई गाउँपालिका ६ घर भई पाहुना आएकी २७ वर्षीय अमृता डाँगी र बैजनाथ ८ का १८ वर्षीय सुजन बुढा रहेका छन्। दुई समूहको लडाइँपछि त्यहाँ भागदौड मच्चिएको थियो। दिउँसोदेखि नै मदिरा खाइरहेका दुई समूहबिच विवाद बढेपछि मारकाटको रूप लिएको स्थानीयले बताएका छन्। पक्राउ परेकाहरूलाई कर्तव्य ज्यान मुद्दामा म्याद थपेर अनुसन्धान थालिएको जिल्लाका प्रहरी प्रवक्ता डिएसपी जोशीले बताउनुभयो।

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com
9847246903

नमस्ते कर्णाली राष्ट्रिय दैनिक Namaste Karnali National Daily
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके